## ...म्न परियोजना सुरु

नगद प्रदान गरिने बस्नेतले बताए। तीनवर्षे परियोजनाको प्रत्येक ६/६ महिनामा उनीहरुलाई पुरस्कृत गरिने छ। चेपाङ स्वास्थ्य, सरसफाइ, आयआर्जन, शिक्षालगायतका क्षेत्रमा प्रतिस्पर्धा गराइनेछ।

इम्प्याक्टका अध्यक्ष गिरीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा इच्छाकामना गाउँपालिका वडा नम्वर-१ का वडाध्यक्ष नन्दलाल गिरी, सपना भिलेज सोसियल इम्प्याक्टका सञ्चालकहरु डा. कृष्णप्रसाद पौडेल, साजनराम भण्डारी, रेवान सौराहाका उपाध्यक्ष कपिल रेग्मी, आधारभूत विद्यालय भाराङका प्रधानाध्यापक दीप गुरुङलगायतले मन्तव्य राखेका थिए।

## बौद्ध गुम्बामा विश्वशान्ति महायज्ञ हुने

कालिका। कालिकामा रहेको ढोकुन थार्वालिङ गुम्बाको भौतिक पूर्वाधरण निर्माणका लागि आर्थिक संकलनका निम्ति दोस्रो ऐतिहासिक बज्रगुरु जप तथा विश्वशान्ति महायज्ञ हुने भएको छ। कालिका-२, क्रमलचोकमा रहेको सो गुम्बामा आधुनिक मन्दिर, आवास भवन तथा बौद्ध विद्यालय निर्माणमा सहयोग जुटाउन महायज्ञ आयोजना गर्न लागिएको हो।

महायज्ञ माघ ५ गतेदेखि ११ गतेसम्म सञ्चालन हुने धर्मगुरु लामा पेमा दोर्जे मोक्तानले जानकारी दिए। पञ्चवर्षीय योजनाअनुसार गुम्बा निर्माण सम्पन्न गर्न ५ करोड रुपैयाँ खर्च लाग्ने उनले बताए। सो गुम्बा निर्माणपश्चात् गुम्बालाई बौद्ध विद्यालयको रुपमा विकास गर्ने र बौद्धदर्शनको अध्ययन, अध्यापन गराउनेसमेत योजना रहेको उनले बताए।

७ दिनसम्म सञ्चालन हुने सो विश्वशान्ति महायज्ञमा चितवनसहित मकवानपुर, सर्लाही, बारा, काठमाडौँबाट समेत भक्तजनहरूको उपस्थिति रहने छ। कार्यक्रम अवधिमा ५० जना लामा गुरुहरूको उपस्थिति रहने छ। सो पूजा कार्यक्रमबाट १ करोड रुपैयाँभन्दा बढी रकम संकलन गर्ने आयोजकले लक्ष्य लिएका छन्।

विसं २०५८ सालमा स्थापना भएको सो गुम्बाको आफ्नो १० कठ्ठा जमिन रहेको छ। सो पूजा कार्यक्रममा हरेक दिन पूजा, जपका अतिरिक्त बौद्धधर्म, दर्शन एवम् कर्मकाण्ड, संस्कारसम्बन्धी धर्म प्रवचन हुने गुम्बाका अध्यक्ष कमलकुमार लामाले जानकारी दिए। कार्यक्रममा गुम्बाका सचिव युवराज बमजन, कोषाध्यक्ष फूलमान लामा, सदस्य कृष्णकुमार लामालगायतले आफ्ना भनाइहरू राखेका थिए।

---

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हर्दी भण्डारा, चितवन**

# प्रविधिक कर्मचारी सेवा करारमा लिनेसम्बन्धी सूचना

*प्रथमपटक सूचना प्रकाशित मितिः २०७६/१०/०२*

यस कार्यालयको लागि तपशिल बमोजिमको प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको रसिद सहित दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ।

विज्ञापन नं. : १/२०७६/०७७ — माग पद संख्या/१ (एक)
सेवा : कृषि — समूह : बाली संरक्षण — पद : अधिकृत छैठौं
दरखास्त दस्तुर : रु. १०००/- मात्र — काम गर्नुपर्ने स्थान : राप्ती नगरपालिका

१. न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट BSC. Ag वा सोसरह उत्तीर्ण गरेको
२. उमेरको हद : १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको।
३. आवश्यक कागजातहरु :
   - दरखास्त फारामसाथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - एसएलसीदेखिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
   - कार्य अनुभव भए अनुभवको प्रमाणपत्रको प्रतिलिपि
   - दस्तुर बुझाएको सक्कलै भौचर
   - पेश गरिने सवै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने।
४. पारिश्रमिक र सेवा सुविधा : स्थानीय सरकारको प्रचलित नियमानुसार
५. सेवा करार अवधि : २०७७ असार मसान्तसम्म
६. छनौटको आधार :
   शैक्षिक योग्यता : कार्य अनुभव, स्थायी बसोबास
   संक्षिप्त सूचीमा परेका उम्मेदवारलाई मात्र अन्तरवार्तामा समावेश गराइने छ।
७. सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट।

अन्य आवश्यक जानकारीका लागि कार्यालयको फोन नं. ०५६-५५००१५ वा Email- rraptimunicipality42@gmail.com मा सम्पर्क गर्न सकिनेछ। दरखास्त फाराम नगरपालिकाको कार्यालय वा website.www.raptimun.gov.np बाट उपलब्ध हुनेछ।

मिठाराम हुँमागाई
*प्रमुख प्रशासकीय अधिकृत*